# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ४२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### वन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : वन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,


आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. वन ऐन, २०१८ मा संशोधन : वन ऐन, २०१८ को,-

(१) दफा २ को खण्ड (क) मा रहेका "पंचायती वन" भन्ने शब्दहरूको सट्टा "सामुदायिक वन" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ३क. को उपदफा (१) मा रहेका "स्थानीय पंचायतमा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा" भन्ने शब्दहरू राखिएका छन्।

(३) परिच्छेद ५ को शीर्षकमा रहेका "पंचायती वन, पंचायत संरक्षित वन" भन्ने शब्दहरूको सट्टा "सामुदायिक वन" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ :-

"२९. सामुदायिक वन : स्थानीय वासिन्दाहरूको हितको निमित्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वृक्षारोपण गरी वन जंगल हुर्काउन तथा वनको संरक्षण र सुव्यवस्था गर्नको लागि श्री ५ को सरकारले सरकारी वन क्षेत्रको कुनै भाग उपभोक्ता समितिलाई सुम्पन सक्नेछ र त्यसरी सुम्पिएको वनलाई सामुदायिक वन भनिनेछ।"

(५) दफा २९घ. को,-

(क) उपदफा (१) मा रहेका "पंचायती वन, पंचायत संरक्षित वन," भन्ने शब्दहरूको सट्टा "सामुदायिक वन," भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेको "२९क" भन्ने शब्द झिकिएको छ।

(ग) उपदफा (३) मा रहेको "२९क" भन्ने शब्द झिकिएको छ र सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "पंचायत" भन्ने शब्दको सट्टा "उपभोक्ता समिति" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा २९घ. पछि देहायको दफा २९ङ. थपिएको छ :-

"२९ङ. उपभोक्ता समितिको गठन : (१) दफा २९ को प्रयोजनको लागि सम्बन्धित स्थानीय निकायले तोकिए बमोजिम सम्बन्धित सम्पूर्ण उपभोक्ता-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरूको समूह निर्धारण गर्न संयोजन गर्नेछ र त्यसरी निर्धारित उपभोक्ता समूहले आफूमध्येबाट तोकिए बमोजिम उपभोक्ता समिति गठन गर्नेछ।

(२) उपभोक्ता समितिलाई सुम्पने वन एकभन्दा बढी गाउँ वा नगरका स्थानीय निकायको क्षेत्रमा परेमा उपदफा (१) बमोजिम संयोजन गर्ने काम जिल्ला विकास समितिले र एक भन्दा बढी जिल्लामा परेमा वन विभागले गर्नेछ।"

(७) दफा ३० को ठाउँ ठाउँमा रहेका "पंचायती वनका" भन्ने शब्दहरूको सट्टा "सामुदायिक वनका" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा ३१ मा रहेका "पंचायती वन र पंचायत संरक्षित वन" भन्ने शब्दहरूको सट्टा "सामुदायिक वन" भन्ने शब्दहरू र "पंचायतलाई" भन्ने शब्दहरूको सट्टा "उपभोक्ता समितिलाई" भन्ने शब्दहरू राखिएका छन्।

(९) दफा ३१क. को शीर्षकमा रहेको "पंचायत" भन्ने शब्दको सट्टा "उपभोक्ता समिति" भन्ने शब्दहरू र सोही दफामा रहेका "पंचायती वन" र "सम्बन्धित पंचायत" भन्ने शब्दहरूको सट्टा क्रमशः



९२५६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"सामुदायिक वन" र "सम्बन्धित उपभोक्ता समिति" भन्ने शब्दहरु राखिएका छन्।

(१०) दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छ :-

"३२. <u>नियम बनाउने अधिकार</u> : सामुदायिक वन, धार्मिक वन र कबुलियती वनका सम्बन्धमा देहायका कुराहरुको व्यवस्था गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ :-

(क) उपभोक्ता समूहको निर्धारण र उपभोक्ता समितिको गठन विधि,

(ख) उपभोक्ता समितिले पालन गर्नु पर्ने शर्त तोक्ने,

(ग) काठ वा अरु वन पैदावार उपभोग गर्न पाउने अवस्था, शर्त, तरीका, दस्तूर इत्यादि तोक्ने,

(घ) सुविधा, छूट र अनुदान दिने,

(ङ) वनमा बीज बिरुवा रोप्ने,



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९५९८

(च) वनको सुरक्षा, सुव्यवस्था र अरू बन्दोवस्त गर्ने।"

(११) दफा ४८ मा ठाउँ ठाउँमा रहेका "स्थानीय पंचायतलाई" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित उपभोक्ता समितिलाई" भन्ने शब्दहरू र "पंचायती वन र पंचायत संरक्षित वन" भन्ने शब्दहरूको सट्टा "सामुदायिक वन" भन्ने शब्दहरू राखिएका छन्।

(१२) दफा २९क. खारेज गरिएको छ।

३. <u>वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ मा संशोधन</u> : वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को,-

(१) दफा १ को उपदफा (२) मा रहेका २०४८ साल" भन्ने शब्दहरूको सट्टा २०५३ साल" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा २ को खण्ड (क) मा रहेका "पंचायती वन" भन्ने शब्दहरूको सट्टा सामुदायिक वन" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ५ को उपदफा (१) मा रहेको "पंचायत" भन्ने शब्दको सट्टा "सम्बन्धित गाउँ विकास समिति, नगरपालिका" भन्ने शब्दहरू राखिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



9255

४. भू-तथा जलाधार संरक्षण ऐन, २०३९ मा संशोधनः
भू-तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ८ मा रहेका "स्थानीय पंचायतको" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको" भन्ने शब्दहरु राखिएका छन्।

लालमोहर सदर मिति :- २०४८।१२।३०।१

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।